बेनी नगरपालिका

नगर कार्यपालिकाको बैठक

वि.सं. २०८१/०२/०९

(ने.सं. ११४४ बछलाथ्व, १४ बुधबार)

**निर्णयहरुः**

१. बेनी नगरपालिकाको चालु आर्थिक वर्षको योजना तथा कार्यक्रमहरुको वडागत प्रगति समीक्षा गरियो । सम्पन्न हुन बाँकी योजना तथा कार्यक्रमहरूलाई यथाशक्य छिटो जेठ मसान्तसम्ममा कार्यसम्पन्न गरी भुक्तानी गर्ने/ गराउने ।

२. बेनी नगरपालिकाको आगमी आ.व. २०८१।८२ को बजेट, योजना तथा कार्यक्रम सम्वन्धमा छलफल गर्न तथा नगर सभामा मिति २०८१।०३।०७ गते बजेट पेश गर्नको लागि तपसिल बमोजिमको कार्यतालिका तय गर्ने ।

तपसिल

| क्र.सं. | कार्य | समयसीमा | प्रमुख जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण | २०८१।०२।१३ गते | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | |
| २ | बस्ति/टोल स्तरबाट योजना छनौट | २०८१।०२।२१ गते भित्र | वडा समिति तथा समितिका तोकिएका सदस्य | |
| ३ | वडास्तरीय योजना प्राथमिकता निर्धारण गरी कार्यालयमा पठाउने | २०८१।०२।२३ गतेसम्म | वडा समिति तथा वडा कार्यालय | |
| ४ | विषयगत शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने | २०८१।०२।३० गते भित्र | विषययगत शाखा र विषयगत समिति | |
| ५ | विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण तथा सांकेतिकरण गर्ने | | | |
| ६ | बजेटको मस्यौदा तयार गर्ने | २०८१।०३।०२ गते भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| ७ | कार्यपालिकाबाट बजेट स्वीकृत गर्ने | २०८१।०३।०४ गते | कार्यपालिका | |

सुरत के.सी.
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ८ | सभाबाट बजेट पेश गर्ने | २०८१।०३।०७ गते | नगर सभा | |

३. बेनी नगरपालिका, वडा नं. २, हाँडेभीर स्थित सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण भएका संरचनाहरु हटाउनका लागि पटक-पटक निर्णय तथा सूचना प्रवाह गरे तापनि अतिक्रमण गर्नेहरूले संरचना नहटाइएकोले उक्त संरचनाहरु हटाउन सबै सरकारी निकायहरूसँग आवश्यक समन्वय गर्ने र कानूनबमोजिम त्यस्ता अबैध संरचनाहरू हटाउने ।

४. बेनी नगरपालिकाको नगर शिक्षा समितिले मिति २०८१।०२।०६ गते गरेका निर्णयहरु स्वीकृत गर्ने ।

५. बेनी नगरपालिका र मंगला गाउँपालिकाको संयुक्त आयोजनामा जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास तालिम कार्यक्रम मिति २०८१।०२।१४ र १५ गते ज्ञानगौरी प्यालेस, पर्वत बेनीमा गर्ने । उक्त कार्यक्रममा प्रशिक्षकको लागि नेपाल सरकारका पूर्व सचिव श्री कृष्णहरि बाँस्कोटासमेतको टोलीलाई निमन्त्रणा गर्ने । बेनी नगरपालिकाबाट कार्यपालिका सदस्यहरु, शाखा प्रमुखहरु तथा वडा सचिवहरुलाई प्रशिक्षार्थीको रूपमा उपस्थिति गराउने । उक्त तालीम आवासीय रुपमा सञ्चालन गर्ने गरी आवश्यक व्यवस्था मिलाउने ।

६. बेनी नगरपालिकाका प्राथमिकता प्राप्त योजनाहरुको विस्तृत परियोजना प्रतिवेदनहरु निर्माणका लागि जिम्मेवारी पाएको ग्रीन सोलुसन कन्सल्टयाण्सीबाट आवश्यक सुझाब एवम् पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले विस्तृत परियोजना प्रतिवेदनहरु प्रस्तुतीकरणका लागि अनुरोध भएकोले उक्त प्रस्तुतीकरणको कार्यक्रम बेनी नगरपालिकाको कार्यपालिका सदस्यहरु तथा शाखा प्रमुखहरुको सहभागितामा मिति २०८०।०२।१३ गते विहान सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने ।

७. बेनी नगरपालिकामा सञ्चालन भएका योजनाहरुको म्याद समाप्त भएकोले तपसिल अनुसार म्याद थप गर्ने ।

| क्र.सं. | योजनाको नाम | थप गरिएको समयावधी |
|---|---|---|
| १ | मंगलाघाट झोलुङ्गे पुल, बेनी न.पा.-७ | २०८१ जेठ २० गते सम्म |
| २ | बेनी –पाल्लेखेत सडक, बेनी न.पा. | २०८१ जेठ २० गते सम्म |

८. बेनी नगरपालिकाको लागि सडक बोर्ड नेपालबाट प्राप्त हुन आएको रकम रु ७० लाख र बेनी नगरपालिकाको रु ३० लाख गरी जम्मा रु १ करोडमा सञ्चालन भएको **संगम चोक -हुलाक चोक हुँदै पुलाचौर सडक योजना** मा बेनी नगरपालिकाको लागत साझेदारी रकम बेनी नगरपालिकाको समपूरक कोषबाट व्यवस्था गर्ने ।



सुरत क.सा.
नगर प्रमुख

९. बेनी नगरपालिकाको वडा नं. ६ अन्तर्गतको देहायबमोजिमको योजनालाई देहायबमोजिम संशोधन गरी कार्यान्वयन गर्ने ।

देहाय

संशोधन गर्नुपर्ने योजनाको विवरण

| साविकको योजना | संशोधित योजना |
| --- | --- |
| सक्षम महिला आय आर्जन कार्यक्रमः प्याकिङ सामग्री तथा सिलाइ मेसिन खरिद | सक्षम महिला आय आर्जन कार्यक्रमः कुटानी पिसानी मिल खरिद |

१०. बेनी नगरपालिकाको "उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" बमोजिम उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम (दुध र बाख्रा) का लागि मिति २०८०।११।०८ गते आवेदन पेश गर्ने सम्बन्धी सूचना अनुसार आवेदन पेश गरेका कृषकहरुको फार्ममा पशु सेवा शाखाका प्राविधिकहरुबाट स्थलगत अनुगमन तथा वडा अध्यक्षबाट प्रमाणीकरण भई पेश हुन आएको विवरण अनुसारको प्रोत्साहन रकम उपलब्ध गराउने ।

११. बेनी नगरपालिकाको चालु आ.व.को बजेटमा वडा नं. २ अन्तर्गत तय गरिएको "दलित क्षमता अभिवृद्धि कार्यक्रम" को शीर्षक परिवर्तन गरी "दलित भवन शौचालय निर्माण योजना" बनाउने ।

१२. चालू आर्थिक वर्षको कर्मचारी दैनिक भ्रमणभत्ता शीर्षकमा बजेट अपुग हुन गएकाले चालू आर्थिक वर्षकै कर्मचारी तलबभत्ता शीर्षकबाट रू ५ लाख उल्लिखित शीर्षकमा रकमान्तर गर्ने ।

१३. चालू आर्थिक वर्षको मेयरसँग सामाजिक विकास कार्यक्रमतर्फको बजेटलाई देहायबमोजिम बाँडफाँड गरी कार्यान्वयन गर्ने ।

देहाय

मेयरसँग सामाजिक विकास कार्यक्रमको बाँडफाँड

१. गलेश्वर मा.वि. तोरीपानी, बेनपा-९ छाना मर्मतः रू ५०००००/-
२. बालमन्दिर मा.वि., बेनपा-८, कक्षाकोठा सिलिङ तथा छाना मर्मतः रू २५००००/-
३. प्रकाश मा.वि., बेनपा-७, प्रोजेक्टर खरिदः रू १०००००/-
४. बेनी सामुदायिक मा.वि., बेनपा-७, प्रोजेक्टर खरिदः रू १०००००/-
५. सरस्वती मा.वि., सिंगा, बेनपा-४, छाना निर्माण/मर्मतः रू ५००००/-
६. बेनी नगरपालिकाका प्रधानअध्यापकहरूको लागि अनुदान थपः रू ३४०००/-
७. बागेश्वरी मा.वि., बेनपा-६, ट्रष्टपुलः रू ५००००/-

८. सहरी सामुदायिक भवन शौचालय मर्मत, बेनपा-५, रू. ५००००/-

९. छहरेखोला सिंचाइ, बेनपा-४, रू ७५०००/-

१०. म्यागदी क्याम्पस, बेनपा-८, छात्रावास घेरावारः रू. ५००००/-

-0-

सुरत
नगर प्रमुख